महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:

च.न.

मिति: २०७५।१२।१५

श्री प्रमुखज्यू,
बलेफी गाँउपालिका,
बलेफी,सिन्धुपाल्चोक ।

विषय:**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बलेफी गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ९४ लाख ३१ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने बेरुजू रु १२ लाख २ हजार, अनियमित बेरुजू रु १ करोड७१ लाख ४८ हजार, र प्रमाण कागजात पेश नभएको बेरुजू रु. १०लाख ८१हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १५ यसै साथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

बलेफी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन

२०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश न. ३ मा अवस्थित यो गाँउपालिका अर्न्तगत ८ वडा रहेकोमा ४४ सभा सदस्य व.की.मी. क्षेत्रफल २१२६० जनसंख्या रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यो गाँउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**१०४५०९९९.३०**	१	**वितीय समानिकारण बाट खर्च**	१२८२४०७३४.८०	**१२८२४०७३४.८०**
	ख) बैंक	१०४५०९९९.३०	-	२	**सशर्त अनुदान खर्च**	८५२५१११४.२८	**८५२५१११४.२८**
२	**राजस्व (आन्तरिक आय)**		**११२९८२०.००**	३	**जेष्ठ नागरिक सा सु**	३६८४७३००.००	**३६८४७३००.००**
	क) आन्तरिक राजस्व	११२९८२०.००	-	४	**विषयगत निकायबाट प्राप्त रकम खर्च**		**१०७६९६१.००**
३	**वित्तीय हस्तान्तरण**		**२५७८२१०००.००**		क) पुल संरक्षण खर्च	६०००.००	-
	क)वित्तीय समानीकरण अनुदान	१२९४५२०००.००	-		ख) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु	९७०९६१.००	-
	ख) सशर्त अनुदान	८८८३९०००.००	-		ग) खुला दिशा मुत्त ओ डि एफ	१००००००.००	-
४	**जेष्ठ नागरिक सा.सु.**	३९५३००००.००	-		**जम्मा खर्च**	२५१४१६११०.१०	**२५१४१६११०.१०**
५	**विषयगत निकायबाट प्राप्त रकम**		**११७८०००.००**	५	**मौज्दात**		**१९१६३७०९.२४**
	क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु	१०६००००.००	-		बैंक मौज्दात	१९१६३७०९.२०	-
	ख) जि.स.स. पूल संरक्षण कोष	१८०००.००	-		धरौटी	०	-
	ग) खुला दिशा मुत्त ओ डि एफ	१००००००.००	-				-
६	**धरौटी**	०.००	-				-
	जम्मा	**२७०५७९८१९.३०**	**२७०५७९८१९.३०**		**जम्मा**	**२७०५७९८१९.३०**	**२७०५७९८१९.३०**

केन्द्रीय राजस्वतर्फः

क्र.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
१	विभिन्न	८६१८२१.००	८६१८२१.००	८६१८२१.००	००	००
	जम्मा	८६१८२१.००	८६१८२१.००	८६१८२१.००	००	००

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>वजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।गाउँपालिकाले आगामी वर्षको निती तथा कार्यक्रमको प्राथमिकिकरण निर्धारण गरेको छैन । कार्यक्रमको प्राथमिकता निर्धारण हुन नसक्नु, कार्यक्रम अनुसार कार्य गर्न नसक्नुले कार्यालयको कार्यदक्षतामा कमि आएको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्य गरि लक्ष्य अनुसारको प्रगति हासिल गर्न कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>स्थानीय तथ्यांक र अभिलेखः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।</td><td></td></tr>
<tr><td>४.</td><td>लक्ष्य प्रगतिको स्थिति - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । नियमावलीले निर्दिष्ट गरेको प्रकृया अनुसार कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्ने र सम्पन्न भएपछि प्रगति प्रतिवेदन तयार गर्नुपर्नेतर्फ ध्यानाकर्षण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>चौमासिक तथा आषाढको खर्चः कार्यालयले संचालन गर्ने कार्यक्रमको चौमासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य संचालन र खर्च गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार कार्यालयको निम्न लिखित पुजिगत कार्यक्रमहरुमा तेस्रो चौमासिक र आषाढ महिनामा अधिक खर्च भएको देखियो । वर्षान्तमा खर्च गर्दा आर्थिक अनुशासन कायम नहुन सक्ने सम्भावना रहन्छ । तोकिए बमोजिम चौमासिकगत कार्यक्रमहरु समयमै संचालन गरी बर्षान्तमा खर्च गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ
<table>
<tr><th>खर्च शिर्षक</th><th>खर्च</th><th>तेस्रो चौमासिक अवधिमा भएको खर्च</th><th>तेस्रो चौमासिक अवधिमा भएको खर्च प्रतिशत</th><th>अषाढ महिनामा भएको खर्च</th><th>अषाढ महिनामा भएको खर्च प्रतिशत</th></tr>
<tr><td>वित्तीय समानिकरण पुजिगत</td><td>९८२६५७९०।००</td><td>७२०५५३७७।००</td><td>७३.३७</td><td>३०४६४७७०।००</td><td>३१.२३</td></tr>
</table></td><td></td></tr>
</table>

६.	**कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३५ रहेपनि पदपूर्ति २० रहेको देखियो । ४ अधिकृत सहित २० पद रिक्त रहेका छन ।स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरु पदपूर्ति गर्नेवा दरवन्दी पुनरावलोकन हुनुपर्दछ ।	
७.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा साविकका गाँउविकास समितिले खरिद वा हस्तान्तरणबाट प्राप्त भएका मालसामानहरुको गाँउपालिकालाई मालसामानको जिम्मेवारी हस्तान्तरण गरेको छैन । यसरी सम्पत्तिको अभिलेख तथा जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा साविकका गाँउविकास समितिसँग रहेका जिन्सी मालसामानहरु गाँउपालिकाको जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
८.	**बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाउँ विकासको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
९.	**विद्युतीय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाँउपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले (SUTRA) सफ्टवेयर प्रयोजनमा ल्याएको देखिएन । गाँउपालिकाले स्वीकृत सफ्टवेयरमा आय-व्ययको हिसाव राखी हिसावकिताव यथार्थपरक छ भनि विश्वस्त बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
१०.	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले खरिद गरेको कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
११.	**योजना बनाई कार्यान्वयन गर्नुपर्ने** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउंपालिकाको आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीयहरुको विकासको लागि आवधिक, बार्षिक, मध्यकालिन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले स्थानिय स्तरको विकासको लागि आवधिक, बार्षिक, मध्यकालिन तथा दीर्घकालिन योजना तयार गरेको देखिएन । उक्त योजना तयार गर्ने कार्य कार्यान्वयन नभएको कारणले योजना तयार नभएको देखिन्छ । ऐनमा व्यवस्था भए अनुसार आवधिक, बार्षिक, मध्यकालिन तथा दीर्घकालिन योजना तयार नहुदा स्थानिय स्तरको विकास कार्यमा असर पर्दछ । स्थानीयस्तरको विकासको लागि गाउंपालिकाले ऐनमा व्यवस्था अनुसार योजना बनाएर कार्यान्वयन गर्नुपर्दछ ।	
१२.	**सम्भाव्यता अध्ययन नभएको** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(छ) मा	

	गाउंपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा साधन श्रोतको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले तयार गरेका बार्षिक योजनाका सम्भाव्यता अध्ययन नभएको र योजना कार्यान्वयन तालिका एवं अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले कार्य नभएको देखिन्छ । योजनाको सम्भाव्यता अध्ययन नहुंदा र अनुगमन तथा मूल्यांकन योजना तयार नहुंदा योजनाले दिने प्रतिफल तथा प्रभावकारी कार्यान्वयनमा असर पर्दछ । योजनाको उदेश्य प्राप्तीको लागि योजनाको सम्भाव्यता अध्ययन गराएर अनुगमन तथा मूल्यांकन योजना बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।	
१३.	**कारोवारको लेखा**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । गाउपालिकाले यो वर्ष सञ्चितको कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी उल्लिखित प्रावधान बमोजिम सम्बन्धित मन्त्रालयहरु र आयोगमा पठाएको देखिएन । ऐन नियममा भएको प्रावधानको पालना हुनु पर्दछ ।	
१४.	**स्थायी लेखा नम्वर नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरीद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर लिएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरीद गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको कारणले स्थायी लेखा नम्वर नलिएको उपभोक्ता समिति मार्फत कार्य भएको देखिन्छ । स्थायी लेखा नम्वर नहुंदा उपभोक्ता समितिको स्थायीत्व र राजश्व असुलीमा असर पर्दछ । उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यको स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितबाट निर्माण कार्य गराउनु पर्दछ ।	
१५.	**उपभोक्ता समिति दर्ता तथा नविकरण** : सार्वजनिक खरिद ऐन , २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउंदा मितव्ययिता, गुणस्तरियता वा दिगोपना हुने भएमा तोकिएबमोजिमको कार्यविधि पुरा गरी कार्य गराउन सकिने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यका उपभोक्ता समितिहरु दर्ता तथा नविकरण नभएको, समितिहरुले विधान तयार नगरेको र कार्य सम्पन्न पश्चात् आयोजना हस्तान्तरण हुने नगरेकोले आयोजनाको उदेश्य पूरा हुने गरी स्थायी रुपमा समिति गठन भई निर्माण कार्य गरेको देखिदैन । उपभोक्ता समिति दर्ता तथा नविकरण सम्वन्धी स्पष्ट व्यवस्था नभएको कारणले दर्ता तथा नविकरण नभएको देखिन्छ । दर्ता तथा नविकरण नहुंदा स्वामित्व एवं जिम्मेवारी लिने कार्यमा असर पर्दछ । उपभोक्ता समिति दर्ता तथा नविकरण सम्वन्धी स्पष्ट व्यवस्था गरी समिति दर्ता तथा नविकरण गराएर समितिलाई जिम्मेवार बनाई निर्माण कार्य गराउनु पर्दछ । आयोजना सम्पन्न भएपछि आयोजनाको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजना हस्तान्तरण हुनुपर्दछ ।	
१६.	**आर्थिक सहायता** : स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को बुंदा ३.४ मा स्थानिय तहले नेपाल सरकारको अनुदानबाट प्राप्त रकम कुनैपनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न नपाइने व्यवस्था छ । गाउंपालिकाले रु.१,००,०००.०० सरस्वती पराजुलीलाई आर्थिक सहायता दिएको देखियो । गाउंपालिकाको बैठकले निर्णय गरेको कारणले दिएको देखिन्छ । नियमले नमिल्ने रकम खर्च गर्दा व्ययभार थप हुन गएको छ । नियमानुसार दिन नमिल्ने आर्थिक सहायता रकम रु.	१००००००.००
१७.	**विवरण सार्वजनिक गराउने** : स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को बुदा ३.६ मा आय व्यय र भौतिक	

	प्रगति विवरण मासिक, चौमासिक र बार्षिक रुपमा स्थानिय तहको कार्यालयमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले विवरण तयार गरी सार्वजनिक गराएको देखिएन । निर्देशिकाको कार्यान्वयन नगरेको र विवरण तयार नगरेको कारणले सार्वजनिक नभएको देखिन्छ । विवरण सार्वजनिक नहुंदा सर्वसाधारणलाई जानकारी नभएको देखियो । विवरण तयार गरी सार्वजनिक हुनुपर्दछ ।	
१८.	**न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीय तहमा एउटा न्यायिक समिति रहने व्यवस्था छ । यो वर्ष गाउपालिका अन्तर्गगतको न्यायिक समितिमा १३ वटा मुद्धा दर्ता भएकोमा ६ वटा फछ्र्यौट भई ७ फछ्र्यौट हुन बाकी रहेको देखियो ।	
१९.	**तलबी प्रतिवेदन पारित नगरेको** : निजामती सेवा ऐन, २०४९ को दफा ७(क) बमोजिम निजामती कर्मचारीहरुलाई तलब भुक्तानी गर्दा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारित गराएर मात्र दिनुपर्ने र शिक्षक कर्मचारीहरको तलव भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट तलवी प्रतिवेदन पारित गराएरमात्र तलव भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा गाउंपालिकाले स्वास्थ्य, कृषि, पशु , गाउंपालिका र शिक्षा क्षेत्रका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको हुनाले दरबन्दी, तलब र ग्रेड रकम भिडान गर्न सकिएन । तलबी प्रतिबेदन पारित नगरी तलब खर्च लेख्दा दरबन्दी भन्दा बढी कर्मचारीको तलव खर्च र ग्रेड रकम भुक्तानी हुनसक्ने हुनाले आ.व.को शुरु हुनु भन्दा अगावै तलबी प्रतिबेदन पास गराएर मात्र तलब भुक्तानी गरिनुपर्दछ ।	
२०.	**पदाधिकारीलाई सुविधाः** प्रदेश न. ३, स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसुची २ बमोजिम पद तथा गोपनीयताको सपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसुची १ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत प्राप्त हुने व्यवस्था छ । कार्यालय यो वर्ष ८ वटा वडाहरुमा ४४ जना निर्वाचित तथा मनोनित पदाधिकारीहरुकको मासिक सुविधा बापत रु ४९१८८००।०० खर्च लेखेको छ ।	
२१.	**साना योजना :** साना योजना कार्यान्वयन भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट सिमामा आधारित भइ स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिले अन्तिम रुप दिइ कार्यपालिकामा प्रस्ताव गर्ने व्यवस्था छ । गाँउपालिकामा २०७४।७५ मा सम्झौता भइ सञ्चालन भएका योजनाहरु मध्ये रु.५ लाख सम्मका रु.५,७०,२४,५००।- रकम बराबरका ३०१ योजना, रु.५ लाख देखि १० लाख सम्मका रु.७६,२५,०००।- का १४ योजना र रु.१० लाख भन्दा माथिका रु.१,६५,००,०००।- बराबरका ९ योजना छनौट भएको देखिन्छ । धेरै संख्यामा साना आयोजना छनौट गरी थोरै रकम विनियोजन गरी आयोजना कार्यान्वयन हुँदा प्राप्त हुनुपर्ने उपलब्धी प्रभावकारी नहुन सक्दछ । योजना छनौट तथा कार्यान्वयन गर्दा दिर्गकालिन प्रतिफल दिनसक्ने ठुला योजना छनौट गरी कार्यान्वयन हुनुपर्दछ ।	
२२.	**विद्युतीय पोल खरिद** - भौ.नं. ३८, ३४१, ४३४।२०७५।३।११ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा सभामा बजेट पेश गर्ने र पारित गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को स्वीकृत बजेट तथा कार्यक्रममा विद्युतिकरण पोल खरिदका लागि रु.१५,००,०००।- बजेट विनियोजन भइ रु.६४८१९८०।४० रकम बराबरको ३०९ वटा पोल खरिद भई वडालाई वितरण भएकोमा पोल खरिद गर्ने कार्यमात्र भई पोल गाड्ने एवं विद्युतिय लाइन जडान गर्ने कार्यको स्वीकृत कार्यक्रम तथा कार्य सम्पन्न भएको देखिएन । स्वीकृत कार्यक्रम तथा बजेट तयार गर्दा योजना अनुसार बजेट विनियोजन नभइ एकमुष्ट बजेट विनियोजन भएको कारणले योजनाको सम्पूर्ण कार्य पुरा भएको देखिएन । योजनाको कार्य पुरा नहुँदा योजनाबाट प्राप्त हुनुपर्ने उपलब्धी समयमा प्राप्त नहुन सक्ने देखिन्छ । स्वीकृत कार्यक्रम तथा बजेट तयार गर्दा योजना अनुसार बजेट तथा कार्यक्रम तयार गरी योजना	

अनुसार कार्य सम्पन्न हुनुपर्दछ ।

२३. **उपभोक्ता समितिबाट भएको खरिद कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरा गरी कार्य गराउन सकिने व्यवस्था छ र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्ट्रर बाट गराउन नमिल्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत भएका निम्न कार्यहरुमा मालसामान तथा निर्माण सामाग्री खरिद भएकोले रोजगारी सृजना तथा लाभग्राहीहरु सो कार्यमा सहभागी नहुने र उपभोक्ता समिति मार्फत खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमका प्रक्रिया पुरा गरेर प्रतिस्पर्धा गराई खरिद नभई सोझै खरिद भएकोले मितव्ययी समेत नहुने देखिएकोले खर्च नियमानुसार नदेखिएको रु. १४७०३७४८.४५

भौ.नं. र मिति	योजना/उपभोक्ता समितिको नाम	खरिद गरेको फर्मको नाम	कार्य	रकम
१७/२०७४/९/७	सिमासिङ धुस्कोट मोटरबाटो उ.स.	श्री सअमेश निर्माण सेवा	मेशिन भाडा	६५०५७७.५०
	सिमासिङ धुस्कोट मोटरबाटो उ.स.	अँधेरी आयल स्टोर्स	इन्धन	५०८१९०
३५/२०७४/१०/८	लामोसाँघु पुरानो गाउँ उ.स.	सोवर्ण निर्माण सेवा	मेशिन भाडा	११७२१४८
	लामोसाँघु पुरानो गाउँ उ.स.	अँधेरी आयल स्टोर्स	इन्धन	२८५९००
	लामोसाँघु टोप्का बसेरी पुरानो गाउँ उ.स.	गाडि धनि	ढुङ्गा	६६९२००
३८/२०७४/१०/९	विद्युतिय शाखा लाइनलाई पोल खरिद उ.स.	शक्ति इन्जिनियरिङ्ग एण्ड हाइड्रोपावर	पोल खरिद	९१८८०३
१३०/२०७४/१२/२७	अँधेरी मांखा बुवासे सडक योजना उ.स	श्री सअमेश निर्माण सेवा	मेशिन भाडा	३०५१००
१३०/२०७४/१२/२७	अँधेरी मांखा बुवासे सडक योजना उ.स	त्रिवेणी कन्स्ट्रक्सन	मेशिन भाडा	८७०१००
१३०/२०७४/१२/२७	अँधेरी मांखा बुवासे सडक योजना उ.स	सुनकोशी आयल स्टोर प्रा.लि./अँधेरी	इन्धन	७८०५३७
१३०/२०७४/१२/२७	अँधेरी मांखा बुवासे सडक योजना उ.स	अन्य खरिद		१०८६७५.७०
१३३/२०७४/१२/२७	मांखा-ब्वाँसे सडक योजना उ.स.	त्रिवेणी कन्स्ट्रक्सन	मेशिन भाडा	७२०९४०
१३३/२०७४/१२/२७	मांखा-ब्वाँसे सडक योजना उ.स.	अँधेरी आयल स्टोर्स	इन्धन	५१७५३०
१९३/२०७५/१/२७	जलविरे वनकाली सडक योजना उ.स.	कपिलेश्वर निर्माण सेवा प्रा.लि.	मेशिन	५४२४००
१९३/२०७५/१/२७	जलविरे वनकाली सडक योजना उ.स.	सुनकोशी आयल स्टोर्स, अँधेरी	इन्धन	४१७०१०.२५

३४१/२०७५/३/११	पोल खरिद उ.स	शक्ति इन्जिनियरिङ्ग एण्ड हाइड्रोपावर	पोल खरिद	३७९४५४०
३४१/२०७५/३/११	पोल खरिद उ.स	गाडि धनि	ढुवानी	२१००००
३७०/२०७५/३/१९	कोठे बिन्जेल धुस्कोट मोटर बाटो उ.स.	त्रिवेणी कन्स्ट्रक्सन	मेशिन	२८३४०४
३७०/२०७५/३/१९	कोठे बिन्जेल धुस्कोट मोटर बाटो उ.स.	सुनकोशी आयल स्टोर्स प्रा.लि.	इन्धन	२३२११०
३७०/२०७५/३/१९	कोठे बिन्जेल धुस्कोट मोटर बाटो उ.स.	कपिलेश्वर निर्माण सेवा प्रा.लि.	मेशिन	१५४९४५.६०
४३०/०३/२०७४/१२/६	सिमसिङ वस्ती विद्युतिकरण उ.स.	नेपाल पावर इ.एण्ड फेब्रिकेशन	पोल खरिद	७४१२८०
			तार लगायत	८२०३५७.४०
			जम्मा	१४७०३७४८.४५

२४. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा सार्वजनिक निकायले एक आर्थिक वर्षमा रु ५ लाख भन्दा बढी रकमको मालसामान वा अन्य सेवा एकै पटक वा पटक-पटक गरी एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट खरिद गर्न नसकिने उल्लेख छ । कार्यालयले यो वर्ष देहाय बमोजिम पटक पटक गरी सीमा भन्दा बढी रकमको मालसमान एउटै फर्मबाट खरिद गरेकोले नियम अनुसार नदेखिएको रु.

भौ.न. मिति	फर्मको नाम	खरिद रकम	सामान
२।१।१६	उमेद छापाखाना, चौतारा	९९७२२।००	छपाई सम्बन्धी कार्य
१७।१।१६	,,	६३६१९।००	,,
९३।११।३०	,,	३३९०००।००	,,
१६७।२।३१	,,	२९८३२०।००	,,
२२३।३।३१	,,	५२१६३।००	
	जम्मा	**८५२८२४।००**	
विभिन्न	**नानीमाया नेपाल (बा १६ च)**	**१४४००००।००**	सवारी साधन भाडा
कूल जम्मा		**२२९२८२४।००**	

२२९२८२४.००

२५. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८(१)मा नेपालमा स्रोत भएको सेवा शुल्क भुक्तानीमा कुल भुक्तानी रकममा पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले कानुनी सल्लहाकार, श्री ढाल बहादुर थापा सँग कानूनी सल्लाह लिए वापत रु १५०,०००।०० खर्च लेखेकोमा ऐनमा उल्लेख भए बमोजिम १५ प्रतिशतले भुक्तानीमा कर कट्टा गर्नुपर्नेमा एक प्रतिशतले मात्रै कर कट्टा गरेकोले बाकी असुल गरी दाखिला गर्नुपर्ने रु.

२१०००.००

२६. **बैठक भत्ता :** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न ३ नं. प्रदेश सरकारबाट बनेको ऐन, २०७५ को दफा ४(१) मा पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसुची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता बापतको रकम पाउने र दफा २(ज)मा "पदाधिकारी" भन्नाले नगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षलाई सम्झनु पर्ने उल्लेख छ । ऐनको दफा १५ मा यो ऐन प्रारम्भ हुनु भन्दा पहिले साभाले कुनै निर्णय गरी पदाधिकारी तथा सभाका सदस्यलाई कुनै सुविधा उपलव्ध गराएको भए यस ऐनमा व्यवस्था भए बमोजिमको हदसम्मको सुविधालाई यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था ।

उल्लिखित व्यवस्था अनुसार पदाधिकारी तथा कर्मचारीहरुले कुनैपनि सभा, समिति वा उपसमितिको बैठकमा भाग लिए वापत बैठक भत्ता लिन नपाउने व्यवस्था छ । यो वर्ष कार्यालयले देहाय बमोजिम पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता वापतको रकम भुक्तानी भएको देखिएकोले उल्लिखित कानुनी प्रावधान बमोजिम (१५ प्रतिशत कर कट्टा पश्चातको रकम) असुल हुनु पर्ने रु. २६५५००.००

सि.न.	गा.पा. अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष	कर्मचारी	जम्मा पदाधिकारी	बैठक भत्ता दर	रकम	बैठक संख्या	रकम	यो मौचरबाट लेखिएको खर्च रु	कैफियत
४२।९।१४	१	१	८	३	१३	१५००	१९५००	१	१९५००	१९५००	गाँउ कार्यपालिकाको बैठक
८७।१२।२७			१	१	२	१५००	३०००	७	२१०००	२१०००	३ नं वडा कार्यापालिकाको बैठक
१०५।१२।१२			१	१	२	१५००	३०००	८	२४०००	२४०००	१ नं वडा कार्यापालिकाको बैठक
११३।१२।१६			१	१	२	१५००	३०००	५	१५०००	३००००	५ नं वडा कार्यापालिकाको बैठक
,,			१	१	२	१५००	३०००	५	१५०००		४ नं वडा कार्यापालिकाको बैठक
१४३।०१।२५			१	१	२	१५००	३०००	३	९०००	१५०००	७ नं वडा कार्यापालिकाको बैठक
			१	१	२	१५००	३०००	२	६०००		
			०	०	०	१५००	०	१	०		
१९१।०३।२६			१	१	२	१५००	३०००	११	३३०००	३३०००	४ नं वडा कार्यापालिकाको बैठक
२१२।०३।२९			१	१	२	१५००	३०००	३	९०००	६४५००	दुई नं वडा कार्यापालिकाको बैठक
			१	३	४	१५००	६०००	४	२४०००		१ नं वडा कार्यापालिकाको बैठक
			१	२	३	१५००	४५००	७	३१५००		१ नं वडा कार्यापालिकाको बैठक
१०२।०३।२९			१	२	३	१५००	४५००	२	९०००	३००००	दुई नं वडा कार्यापालिकाको बैठक
			१	१	२	१५००	३०००	७	२१०००		
१५।०६।०१			१	१	२	१५००	३०००	२	६०००	२८५००	६, ७ र ८ नं वडाका कार्यपालिकाको बैठक
			१	१	२	१५००	३०००	१	३०००		
			१	१	२	१५००	३०००	२	६०००		
			१	१	२	१५००	३०००	१	३०००		
			१	१	२	१५००	३०००	२	६०००		
			१	२	३	१५००	४५००	१	४५००		
									२६५५००	**२६५५००**	

२७. **सभाका सदस्यहरुको बैठक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न ३ नं. प्रदेश सरकारबाट बनेको ऐन, २०७५ को दफा ४(१) मा पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै

समितिको बैठकमा भाग लिए वापत अनुसुची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता बापतको रकम पाउने र अनुसुची १ मा समितिका सदस्यहरुलाई वार्षिक १२ वटा बैठकको लागि प्रति बैठक रु ५००।०० तोकेको छ । ऐनको दफा १५ मा यो ऐन प्रारम्भ हुनु भन्दा पहिले साभाले कुनै निर्णय गरी पदाधिकारी तथा सभाका सदस्यलाई कुनै सुविधा उपलब्ध गराएको भए यस ऐनमा व्यवस्था भए बमोजिमको हदसम्मको सुविधालाई यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐनले तोकेको भन्दा देहाय बमोजिम बढी संख्यामा तोकेको दर भन्दा बढी हुने गरी बैठक भत्ता खर्च लेखेको देखिएकोले बढी भएको भुक्तानी (१५ प्रतिशत कर कट्टा पश्चातको रकम) असुल गरी दाखिला हुनु पर्ने रु. ३१२०००.००

भौ.न. मिति	सभा सदस्य संख्या	तोकिएको भन्दा बढी बैठक भत्ता भुक्तानी दर	प्रति बैठक भुक्तानी रकम	बैठक संख्या	जम्मा रकम	यो भौचरबाट लेखिएको बढी खर्च रु	कैफियत
४२।९।१४	६	१०००	६०००	१	६०००	**६०००**	गाँउ कार्यपालिकाको बैठक
८७।१२।२७	५	१०००	५०००	७	३५०००	**३५०००**	३ नं वडा कार्यापालिकाको बैठक
१०५।१२।१२	५	१०००	५०००	८	४००००	**४००००**	१ नं वडा कार्यापालिकाको बैठक
११३।१२।१६	४	१०००	४०००	५	२००००	**४००००**	५ नं वडा कार्यापालिकाको बैठक
,,	४	१०००	४०००	५	२००००		४ नं वडा कार्यापालिकाको बैठक
१४३।०१।२५	४	१०००	४०००	३	१२०००	**१३०००**	७ नं वडा कार्यापालिकाको बैठक
	१	१०००	१०००	१	१०००		
१९१।०३।२६	४	१०००	४०००	११	४४०००	**४४०००**	४ नं वडा कार्यापालिकाको बैठक
२१२।०३।२९	४	१०००	४०००	३	१२०००	**५६०००**	दुई नं वडा कार्यापालिकाको बैठक
	४	१०००	४०००	४	१६०००		१ नं वडा कार्यापालिकाको बैठक
	४	१०००	४०००	७	२८०००		१ नं वडा कार्यापालिकाको बैठक
१०२।०३।२९	५	१०००	५०००	२	१००००	**४५०००**	दुई नं वडा कार्यापालिकाको बैठक
	५	१०००	५०००	७	३५०००		
१५।०६।०१	४	१०००	४०००	२	८०००	**३३०००**	६, ७ र ८ नं वडाका कार्यपालिकाको बैठक
	३	१०००	३०००	१	३०००		
	४	१०००	४०००	२	८०००		
	३	१०००	३०००	१	३०००		
	४	१०००	४०००	२	८०००		
	३	१०००	३०००	१	३०००		
					३१२०००	**३१२०००**	

२८. **खर्चको प्रमाण** : परिवार स्वास्थ्य महाशाखा वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका २०७४।७५ को बुदा ३६ आमा सुरक्षा कार्यक्रम अर्न्तगत प्रसुति सेवा प्रदान गरे वापत स्वास्थ्य संस्थालाई प्रसुति सेवाको ईकाइ मूल्यको आधारमा अनुदान रकम भुक्तानी गर्नु पर्ने र त्यस्तो प्राप्त रकमबाट स्वास्थ्य संस्थाले सेवा ग्राहीलाई आवश्यक पर्ने औषधि, सामान र उपकरण खरिदमा खर्च गर्नु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले देहाय बमोजिमका स्वास्थ्य संस्थालाई रकम

उपलब्ध गराएकोमा के कस्ता कार्यमा खर्च भयो सोको प्रमाण कागजात लेखापरीक्षणमा पेश नभएकोले खर्चको प्रमाण पेश गर्नु पर्ने रु. ७२५००.००

सि.न.	स्वास्थ्य संस्थाको नाम	प्रसुति संख्या	अनुदान रकम
१	जलवीरे प्राथमिक स्वास्थ्य केन्द्र	५०	४२६४७।००
२	फुल्पिङ्कोट स्वास्थ्य चौकी	१४	११९४१।००
३	फुल्पिङ्डाँडा स्वास्थ्य चौकी	२१	१७९१२।००
	जम्मा		**७२५००।००**

२९. **बैकिङ सेवाको प्रयोगः** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ४३ अनुसार सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंकबाट वितरण गर्ने व्यवस्था मिलाईने र यस प्रयोजनको लागी अर्थ मन्त्रालयको सहमतिमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कुनै स्थानीय तहको लागी कुनै एक वा अलग अलग बैंकलाई यस सम्वन्धी कार्यको जिम्मेवारी प्रदान गर्न सक्ने व्यवस्था छ । सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गरिनुपर्ने व्यवस्था छ । २०७५ आषाढ मसान्तसम्म गाँउपालिकामा बैंक मार्फत भत्ता वितरण गरिएको देखिएन । गाँउपालिकामा बैकिंग सुविधा उपलव्ध नभएको कारणले बैंक मार्फत भत्ता वितरण हुन नसकेको कार्यालयको भनाई छ । बैंक सुविधा नपुगेको ठाउहरुमा बैंक स्थापना गर्नेतर्फ तालुक निकायको ध्यान जानुपर्दछ ।

३०. **एउटै नागरिकता नम्वरबाट दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा को अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एउटै नागरिकता नं. बाट फरक फरक व्यक्तिको नाममा दोहोरो निकासा हुने गरेको देखिन्छ । नमुना परिक्षण गर्दा यस गाँउपालिकाका तपसिलका वडाहरुमा एउटै नागरिकता नम्वरबाट फरक फरक व्यक्तिको नाममा दोहोरो भुक्तानी भएकोले वास्तवीक लाभग्राही पहिचान गरी फरक व्यक्तिलाई भएको बढी भुक्तानी असुल गनुपर्ने रु. १९२०००.००

नामथर	नामथर	वडा नं.	ना.प्र.नं.	भत्ताको किसिम	किस्ता	चौमासिक दर	जम्मा
फत्त बहादुर थापा	हिमाल देवी थापा	२	१२२५	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
निता थापा	कृष्णमाया श्रेष्ठ सानुमाया तामागं	२	२०००००	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
पदम कुमारी थापा	सितामाया श्रेष्ठ	२	२४३०४४	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
कान्छी रानी तामागं	माइली तामागं	३	२७९	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
हेलमाया तामागं	रिता वि. क. सोममाइ तामागं	३	१०४४	जेष्ठ,एकल,एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
पिगें तामागं	मन्जेरी सार्की	३	१८११	जेष्ठ,एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
किरपाल तामागं	धनकुमारी श्रेष्ठ	३	२३२९	जेष्ठ,एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
फूर्पा लामा	सुन्तली नेपाल	३	७१६०३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
आईती तामागं	मैना तामागं आशामाया तामागं	३	२४३०४४	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
पूर्ण बहादुर तामागं	फुलमाया तामागं	७	११६९	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
					जम्मा		१९२०००

३१. **नागरिकता नम्वर नै उल्लेख नगरी भुक्तानीः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा को अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । तपसिलको व्यक्तिलाई नागरिकता नम्वर उल्लेख नगरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ । एउटै नाम गरेको व्यक्ति एक भन्दा बढी हुने भएकोले वास्तविक व्यक्ति पहिचान गर्ने आधार नागरिकता रहेको छ । यसरी नागरिकता नम्वर नै उल्लेख नगरी भत्ता वितरण गर्दा दोहोरो भत्ता भुक्तानी हुनसक्ने देखिन्छ । तपसिलको व्यक्तिलाई नागरिकता नम्वर उल्लेख नगरी भत्ता वितरण गरिएकोले कार्यविधिमा तोकिए अनुसार केन्द्रिकृत सुचना प्रणालीमा नागरिकता नम्वर प्रविष्टी गरि अधावद्यिक गरेको प्रमाण पेश गर्नुपर्ने रु. १००८०००.००

नामथर	वडा नं.	भत्ताको किसिम	किस्ता	चौमासिक दर	जम्मा
चन्द्रमाया वस्नेत	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
बिर बहादुर थापा	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
योरी माया कार्की	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
लाल बहादुर श्रेष्ठ	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
सन्तमाया श्रेठ	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
सुर्य बहादुर श्रेष्ठ	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
राधिका न्यौपाने	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
प्रमुनारायण श्रेष्ठ	२	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
महादेवी भुजेल	२	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
सरिता वस्नेत	२	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
मान कुमारी भण्डारी	२	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
शुशिला भण्डारी	२	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
गिता वि.क.	२	दलित	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
गणेश बहादुर थापा	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
गणेश बहादुर श्रेष्ठ	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
तारामाय भण्डारी	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
तेज बहादुर भण्डारी	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
हर्क कुमारी भण्डारी	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
हर्कमाया श्रेष्ठ	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
फुर्वा स्यांबो तामागं	३	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००
मन्जु थापा	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
लक्ष्मी भण्डारी	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
उमा श्रेष्ठ	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
धनलक्ष्मी तामागं	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
हसंदेवी लामा	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
मैया थापा	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
डेमा तामागं	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
टिकामाया तामागं	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
सरस्वती खत्री	३	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००
डम्वर कुमार पराजुली	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००

डच्याङ लामा	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
फुलरानी तामागं	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
केदार कुमार पराजुली	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
पुन्यवती खत्रि	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
बालकुमारी नेपाल	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
मिनुमाया सुनुवार	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
सहविर तामागं	६	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
कमला दमाई	६	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
लक्ष्माई तामगं	६	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
टिकाकुमारी पराजुली	६	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
पदम कुमारी थापा	६	एकल	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
धनलक्ष्मी तामागं	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
लाल बहादुर तामागं	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
जेठी तामागं	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
ददिमाया पौडेल	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
दिल कुमारी ढुगांना	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
पुण्यकुमारी भुजेल	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
फडिन्द्रमाया अधिकारी	७	जेष्ठ	प्रथम,दोस्रो,तेस्रो	८०००	२४०००	
सानुकान्छी तामागं	७	विधवा	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
तारादेवी पराजुली	७	विधवा	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
गोमादेवी पराजुली	७	विधवा	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
मिठु चालिसे	८	विधवा	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
सिता तिमल्सिना	८	विधवा	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
सरलाकुमारी श्रेष्ठ	८	विधवा	प्रथम,दोस्रो,तेस्रो	४०००	१२०००	
				जम्मा	१००८०००	

३२. **हस्तलिखतको आधारमा भुक्तानी :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षा को अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । दफा १२(१) अनुसार गाविस वा नगरपालिकाले माघ मसान्तभित्र MIS मा नाम दर्ता प्रमाणिकरण र नविकरण गरी MIS प्रतिवेदन पठाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले MIS मा भत्ता पाउने लाभग्राहीको नामावली इन्ट्री नगरी हस्तलिखितको आधारमा भुक्तानी गरिएको छ । यसरी कार्याविधिको पालना नगरी हस्तलिखतको आधारमा सामाजीक सुरक्षा भुक्तानी गरिने कार्यमा सुधार गर्नुपर्दछ ।

३३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वित्तीय हस्तान्तरण अर्न्तगत सशर्त अनुदानको रुपमा प्राप्त भएको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभई बाकी रहेको रकम केन्दीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यो वर्ष सशर्त अनुदान तर्फ बाकी रहेको रकम केन्द्रीय सञ्चित कोष खातामा दाखिला गर्दा रु ५३०५०९।९८ बेरुजू खातामा देहाय बमोजिम बढी दाखिला हुन गएकोमा यो वर्ष कायम — ४११२९८.९८

भएको बेरुजू रकम रु ११९२११।०० कटाई बाकी स्थानीय सञ्चित कोषमा आम्दानी बाध्नु पर्ने रु

स्रात	निकासा	खर्च	बाँकी	बेरुजू दाखिला भएको रकम	कैफियत
सर्शत अनुदान	१२८८२९०००.००	१२२४७९१४१.२८	६३४९५८५.७२		बेरुजु दाखिला भएको मिति २०७५.४.२२
वित्तीय समानिकरण अनुदान	१२९४५२०००.००	१२८९२१४९०.०२	५३०५०९.९८		
	२५८२८१०००	२५१४००६३१.३	६८८००९५.७	६८८००९५.७०	

३४. **स्वीकृत कार्यक्रम वेगर खर्च :** भौ.नं. र मिति : २४०–२०७५।२।१७आर्थिक कार्यविधि नियमावली २०६४ मा नियम ३६(१) वमोजिम नया आर्थिक वर्ष शुरु भएपछि कार्यालय प्रमुखले नियम ३२ वमोजिम निकासा लिई बजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यपालिका बैठकबाट अनुमोदित गरी बजेट विनियोजन गर्न नपाईने भैपरि शिर्षकबाट बजेट विनियोजन गरी शिक्षक महासघंलाई स्वीकृत कार्यक्रम वेगर विज्ञापन छपाई वापत गरिएको भुक्तानी नियमसम्मत नभएको रु. — ५२०००.००

३५. **बेरुजू** - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु १२ लाख २ हजार, अनियमित बेरुजू रु १ करोड ७१ लाख ४८ हजार, र प्रमाण कागजात पेश नभएको बेरुजू रु १० लाख ८१ हजार समेत रु १ करोड ९४ लाख ३१ हजार बेरुजू कायम भएकोमा कार्यालयबाट प्रतिक्रिया प्राप्त भएको छैन ।

३६. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरेको छ ।

गत वर्षको बेरुजु रकम (रु.)	यो वर्ष फछ्र्यौट	बाँकी
३२२०००३.६९	३२२०००३.६९	०

३७. **अद्यावधिक बेरुजु स्थिति : यस गाँउ**पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)	यो वर्षको सं प.बाट कायम बेरुजु रु.	यो वर्षको कायम बेरुजु रु.	बाँकी
०	००	१९४३०८७१.४३	१९४३०८७१.४३

वित्तीय जवाफदेहीता मुल्याकंन : बित्तीय जवाफदेहीता मुल्याकंन परीक्षण सुचीको आधारमा गरि

अनुसूची-१

बलेफी गाँउपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७४।७५

प्रदेश :- ३ नं. प्रदेश (रु.हजारमा)

सि.न.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	सिन्धुपाल्चोक	बलेफी गा.पा.	२६	११	१९४३१	०	०	०	२६	११	१९४३१	१२०२	१७१४८	१०८१	०	०	१८२२९	०	०	०
२.																				
३.																				
४.																				
५.									०	०	०						०			०

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५ -९)
१.	बलेफी गा.पा.	सिन्धुपाल्चोक	१०४५१	१२९४५२	१२९५४७	११३०	२६०१२९	१०१७६३	९८८५६	५०७९७	२५१४१६	१९१६४
२.												
३.												
४.												